प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
... पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली

# खक्रौला–टिकापुर–कर्णाली-मंगलसैन-रामारोशन-बडिमालिका पर्यटन करिडोर विकासका लागि रणनीतिक योजना तयारीका लागि कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference)

**पृष्ठभूमि**

आर्थिक समृद्दि र दिगो विकासका लागि पर्यटन विकासको भूमिका महत्वपूर्ण हुन्छ । सुदूरपश्चिम प्रदेश पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र हो । तथापि पर्यटनको विकास बहुआयामिक विषय भएकाले कुनै एक क्षेत्रको मात्र प्रयासले सम्भव हुने देखिंदैन जसका लागि विविध सामाजिक, आर्थिक र पर्यावरणिय पक्षहरुको एकिकृत आंकलन गर्नुपर्ने हुन्छ । तसर्थ, पर्यटनको एकिकृत विकासका लागि योजनाबद्द रुपमा यस प्रदेशका पर्यटकिय सम्भावना बोकेका अधिकतम श्रोतहरुको उपयोग गर्ने हेतुले पर्यटन करिडर विकासको कार्यक्रम अगाडि सारिएको छ । यसै सन्दर्भमा यस प्रदेशका पर्यटकिय गन्तब्यहरुको अधिकतम प्रतिनिधित्व हुने तथा सो गन्तब्यहरुको सञ्जालिकरण हुने गरि यस आर्थिक बर्ष २०७६।७७ मा पर्यटन करिडरहरु विकास गर्ने कार्यक्रमहरु रहेको छ । सो अन्तर्गत निम्नबमोजिमको करिडर रुटहरुमा पर्ने पर्यटकिय गन्तब्य र वस्तु तथा सेवाको विस्तारले एक अहम् भूमिका निर्वाह गर्ने देखिन्छ ।

- खक्रौला–टिकापुर–कर्णाली–मंगलसैन–रामारोशन–बडिमालिका पर्यटन करिडोर:
  - यस अन्तर्गत पर्ने रुटहरुमा खक्रौला नाका, टिकापुर पार्क, लम्की, चिसापानि, सोल्टा घोडाघोडी ताल क्षेत्र, कर्णाली पुल, मंगलसेन, राजकाडाँ, सोल्टा, रामारोशन, बडिमालिका क्षेत्र आदि लगायतका गन्तब्यहरुपर्दछन ।

यस आर्थिक बर्ष बाट शुरु भई आगामि दिनहरुमा समेत निरन्तरता दिने गरि विकास गर्न लागिएका पर्यटन करिडरको एकिकृत र सारभूत विकास गर्नको लागि रणनीतिक योजनाको आवश्यकता महशुस गरिएको छ । यसै सन्दर्भमा उक्त करिडरको विस्तृत अध्ययन, पर्यटन गन्तब्यहरुको विकास र प्रवर्द्दन गर्नको लागि तिन बर्षिय रणनितिक योजना तयार गर्नको लागि यो कार्यसुचि तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

यस कामको उद्देश्य तोकिएको पर्यटन गन्तब्य विकासको लागि कृयाकलाप पहिचान, सम्भाव्यता अध्ययन र विश्लेषण गरि लागत अनुमान र लगानि योजना सहितको सो पर्यटन करिडरको त्रिवर्षिय रणनीतिक योजना तयार गर्नु हो । योजना तयार गर्नुका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) पर्यटन पूर्वाधार तथा गन्तब्य विकासका लागि स्थानहरुको छनौटका साथै कृयाकलाप पहिचान गर्ने ।

(ख) पर्यटन करिडर विकासका लागि सम्बन्धित क्षेत्रहरुमा क्षमता तथा संस्थागत विकासको विभिन्न मोडेलहरु तथा कृयाकलापहरुको पहिचान गर्ने ।

(ग) पर्यटन प्रवर्द्दनका लागि विभिन्न कृयाकलापहरुको पहिचान गर्ने

(घ) करिडरको रुटहरुमा भईरहेका साथै सम्भाव्य पर्यटकिय वस्तु तथा सेवा सुविधाहरुको सम्भाव्यता अध्ययन तथा विष्लेषण गरि कृयाकलापहरु पहिचान गर्ने ।

**अपेक्षित उपलब्धीहरु**

रणनीतिक योजना तयार भएपश्चात निम्नबमोजिमका कृयाकलापहरु पहिचान र प्राथमिकिकरण हुने साथै कृयाकलापगत लगानीको ढाँचा समेत प्राप्त हुने अपेक्षा गरिएको छ ।

(क) पर्यटन पुर्वाधार तथा गन्तब्य विकास तर्फ

- मौजुदा पर्यटकिय स्थलहरुको संरक्षण, मर्मत सम्भार तथा विकास ।
- नयाँ पर्यटकिय गन्तब्यहरुको पहिचान र पूर्वाधार विकास ।
- सामाजिक, सांस्कृतिक, ऐतिहाँसिक एवं प्राकृतिक पर्यटन विकासका अन्य सम्भावनाहरुको खोजि, अध्ययन विष्लेषण र कृयाकलाप पहिचान ।

(ख) क्षमता तथा संस्थागत विकास तर्फ

- पर्यटन प्रवर्धन समुह पहिचान
- युवा जनशक्ति परिचालन
- सामुदायी पर्यटन समुहहरुको सुदृढीकरण
- पर्यटन सम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरु, विद्यालय तथा क्याम्पसहरुमा पर्यटन सम्बन्धि सचेतनामुलक कृयाकलापहरु, पर्यटकिय स्थल सरसफाई तथा पर्यटन विकास गरिने किसिमका उत्सव/समारोह लगायतका कार्यक्रमहरु
- करिडरस्तरको पर्यटन सञ्जाल स्थापना, क्षमता अभिवृद्दि र सशक्तिकरण
- होटल व्यवसायी तथा टुर अपरेटर लगायत अन्य पर्यटन संग सम्बन्धित सरोकारवालाहरु संगको समन्वय र सहकार्यको खाका
- शाहसिक पर्यटनको लागि आवश्यक जनशक्ति तयार गर्न बन्जि जम्पिङ्ग, रक क्लाईम्बिङ्ग, प्याराग्लाईडिङ्ग तथा अन्य कृयाकलापहरु सञ्चालनका लागि आवश्यकता अनुसारका सिप विकास तालिम तथा अवलोकन भ्रमणहरुको साथै उक्त कृयाकलापहरुको सम्भाव्यता अध्ययन तथा परिक्षण अभ्यास
- प्रदेश पर्यटन बोर्ड तथा अन्य साझेदार संस्थाहरुसंग साझेदारी को मोडेल

(ग) करिडर प्रवर्धन कार्यक्रम तर्फ

- जानकारीमुलक होर्डिङ्ग बोर्ड निर्माण तथा स्थापना, प्रवेशद्वारहरुको आवश्यकता र स्थान पहिचान
- संकेत चिन्ह निर्माण तथा स्थापना को सम्भावना पहिचान
- पर्यटन प्रवर्धनात्मक सामग्रीको आवश्यकता पहिचान
- पर्यटन रेडियो कार्यक्रमको ढाँचा
- पर्यटन करिडरका पर्यटन गन्तब्यहरुको श्रव्यदृष्य सामग्रीहरु (Documentary) सम्बन्धमा
- करिडर गन्तब्य बाईक राईडीङ्ग लगायतका प्रवर्द्दनात्मक कृयाकलापहरु (पर्यटन विकास संस्थाहरुको साझेदारिमा)

- नेपाल पर्यटन बोर्ड लगायत अन्य प्रदेशका पर्यटन कार्यालय/ मन्त्रालयहरुसंग समन्वय र सहकार्य
- सामाजिक सञ्जाल लगायत अन्य विद्युतिय माध्यम तथा पत्रपत्रिका मार्फत पर्यटकिय गन्तब्यहरुको प्रचार प्रसार
- पर्यटन करिडरमा पर्ने स्थानिय समुदायहरुको सामाजिक आर्थिक अवश्थाको लेखाजोखा सहितको पर्यटन विकासका माग र आवश्यकताहरुको विष्लेषणात्मक अध्ययन
- मौलिक/सांस्कृतिक कार्यक्रम तथा प्रतियोगता पहिचान

(घ) पर्यटकिय वस्तु तथा सेवा सुविधा तर्फ

- होमस्टेको पूर्वाधार विकास तथा संस्थागत क्षमता विकासको लागि कृयाकलापहरुको पहिचान तथा कार्यान्वयनको ढाँचा
- ग्रामिण पर्यटन विकासका सम्भावनाहरुको पहिचान र कृयाकलापहरुको विस्तृतिकरण
- करिडर भित्र सम्भाव्य साहसिक पर्यटन विकास कार्यक्रमहरुको पहिचान
- स्थानिय पर्यटकिय वस्तु हरुको पहिचान तथा उत्पादनका लागि ठोस कार्यक्रमहरु
- होटल व्यवसायीहरु लगायतका सरोकारवालाहरुसंग सहकार्यको मोडेल

**अध्ययन विधि**

यस रणनीतिक योजना तयारीका लागि निम्न बमोजिमका विधिहरुको अबलम्बन गर्नुपर्नेछ ।

- विगतका अध्ययन प्रतिवेदनहरुको अध्ययन पुनरावलोकन
- पर्यटन र विकास सम्बन्धी नीति नियमहरुको अध्ययन/पुनरावलोकन
- पर्यटन सर्भेक्षण तथा नक्सांकन (tourism inventory and mapping)
- पर्यटन गन्तब्यहरुको सचित्र बर्णन र पंहुँचका विकल्पहरुको विष्लेषण
- स्थलगत अध्ययन, अवलोकन र नापजाँच
- सरोकारवाला निकायहरु, सामुदायिक संस्था/समूह, जनप्रतिनिधिहरुसंग छलफल अन्तर्क्रिया
- अन्तर्वार्ता तथा समूह छलफल र अन्तर्क्रिया गोष्ठी
- कृयाकलापगत लागत अनुमान आंकलन र लाभ लागत वा लागत प्रभावकारीता विष्लेषण
- मस्यौदा प्रतिवेदन र मन्त्रालय/इकाईमा प्रस्तुती तथा सुझाव संकलन
- अन्तिम प्रतिवेदन तयारी र पेश

**संस्थाको योग्यता, क्षमता तथा जनशक्ति**

यस रणनीतिक योजना तयारीका लागि पर्यटन विकास संग सम्बन्धित कार्यको अनुभव भएको र नियमानुसार दर्ता भएको हुनुपर्ने साथै आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र प्राप्त भएको संस्था हुनुपर्नेछ । साथै यस कार्यका लागि निम्न विज्ञहरुको टोलिको आवश्यकता हुनेछ ।

(क) समाजशास्त्री/अर्थशास्त्री: टोलि प्रमुख

(ख) पर्यटन/ विकास विज्ञ

(ग) वातावरण विज्ञ

(घ) ईन्जिनियर

माथि उल्लिखित विज्ञहरुमध्ये टोलि प्रमुखको आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर वा सो सरह हुनेछ भने अन्य अध्ययन टोल सदस्यहरुले कम्तिमा स्नातक तह उत्तिर्ण गरेको हुनुपर्नेछ । यसका साथै आवश्यकता अनुसारको अन्य जनशक्तिहरु पनि समावेश गर्न सकिनेछ ।

**अनुमानित लागत र समयसिमा**

यस कार्यसम्पन्न गर्नका लागि अनुमानित लागत रकम (भ्याट सहित) रु. १६,८९,३५०।- (अक्षेरुपी सोह्र लाख उनान्नब्बे हजार तिन सय पचास रुपैया मात्र) रहेको छ भने छनौट भएको संस्थासंग सम्झौता भएको ६० दिन भित्र अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**मुल्यांकनको तरिका र आधारहरु**

आशयपत्रको अंकभार १०० कायम गरिएको छ ।जसको विभाजन निम्नानुसार गरिएको छ ।

क) संस्थाको दक्ष जनशक्तिको योग्यता र अनूभवका आधारमा अधिकतम ३० अंक

ख) संस्थाको दर्ता, सम्बन्धित कार्य अनुभवका आधारमा अधिकतम ५० अंक

ग) संस्थाको क्षमताको (आर्थिक र भौतिक समेत) अधिकतम २० अंक

उत्तीर्णाङ्क ६० प्रतिशत अर्थात ६० अंक हुनेछ । उत्तीर्णाङ्क प्राप्त गर्ने आशपत्रदाताहरुमध्ये योग्यताक्रमका आधारमा कम्तिमा ३ देखि वढिमा ६ वटासम्म संस्थाहरुलाई प्रारम्भिक छनौटमा राखिनेछ । यसरी छनौट भएका संस्थाहरुबाट सम्बन्धित करिडरको प्राबिधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि अनुसार मूल्याकन गरिनेछ ।

**विविध**

प्रचलित कानूनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ वमोजिम हुनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
**प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई**
धनगढी-कैलाली, नेपाल
फोन नं. ०९१-५२३९१५